# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक १७८ | काठमाडौं | आइतबार, १३ कात्तिक २०७९ | Prabhab National Daily | Sunday, October 30, 2022 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।-



**छठ** पर्वको अवसरमा
आम पाठक, लेखक, स्तम्भकार, विज्ञापनदाता, शुभेच्छुक एवं देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**प्रभाव दैनिक**
तथा
**प्रभाव पब्लिकेसन प्रालि परिवार**


सन्दर्भ : वैदेशिक रोजगार

## नेपालमै रोजगारी सिर्जना

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्तारुढ नेपाली कांग्रेसले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुका लागि लाभांश दिने रेमिट परियोजना अगाडि बढाउने घोषणा गरेको छ । शनिबार आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि संकल्पपत्र सार्वजनिक गर्दै कांग्रेसले उक्त घोषणा गरेको हो ।

संकल्पपत्रमा श्रम कूटनीतिमार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, सम्माजनक र मर्यादित बनाउँदै विदेशमा कार्यरत नेपाली नागरिकको पेसागत हक र सुरक्षालाई सुनिश्चित गर्न विदेशस्थित कूटनीतिक नियोगलाई थप प्रभावकारीरुपमा परिचालित गरिने उल्लेख गरिएको छ । ‘वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका सम्पूर्ण विकृति-विसंगति नियन्त्रण गरी ठगिनबाट रोक्ने, भनिएबमोजिमको तलब तथा सुविधा र काम उपलब्ध गराउने सन्दर्भमा भइरहेको सम्पूर्ण अव्यवस्थाको अन्त्य गर्ने छौं,’ कांग्रेसको संकल्प छ ।

कांग्रेसले नेपालमा औद्योगिक विकास गरी रोजगारी सिर्जना गर्ने र वैदेशिक रोजगारीको बाध्यात्मक अवस्था अन्त्य गर्दै जाने योजना अघि सारेको छ । आगामी १० वर्षभित्र अर्थतन्त्रमा रेमिटचान्सको अंश १० देखि १२ प्रतिशत बिन्दुले घटाउने लक्ष्य संकल्पपत्रमा राखिएको छ । ‘वैदेशिक रोजगार बाध्यता बन्दा अर्थतन्त्रको तुलनामा विप्रेषणको आकार लगभग २३ प्रतिशत हुनु उल्लेख्य छ । अर्को १० वर्षमा यसलाई १०-१२ प्रतिशत बिन्दुले घटाउन स्वदेशमै सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्ने उद्यममैत्री वातावरण बनाउने हाम्रो उद्देश्य छ,’ संकल्पपत्रमा उल्लेख छ ।

कांग्रेसले नेपाली श्रमिकलाई विदेश पलायन हुन नदिन विभिन्न योजना अघि सारेको छ । ‘श्रम बजारमा बर्सेनि जति सख्यांमा युवाहरु भित्रिन्छन्, लगभग त्यति नै सख्यांमा विदेश पलायन भएको अनुमान छ । यद्यपि, नेपालभित्रै सीपमूलक क्षेत्रहरुमा श्रम आपूर्तिको चरम अभाव छ । बाहच मान्यता हुनेगरी प्राविधिक शिक्षालयहरुको स्तरोन्नति गरी विशेषगरी सबै प्रदेशमा अन्तर्राष्ट्रियस्तरको तालिम केन्द्र सञ्चालन गर्दै युवाहरुलाई नेपालमै रोजगारी खोज्न प्रेरित गर्ने रणनीति अवलम्बन गर्नेछौं,’ कांग्रेसको प्रतिबद्धता छ ।

यसैगरी नेपालको गरिबी निवारणमा विप्रेषणको उच्च भूमिकाले अति गरिब, सीमान्तीकृत वर्ग र कूल जनसंख्याको १४ प्रतिशत रहेको दलित परिवारका एक जना सदस्यलाई स्वदेशी वा वैदेशिक रोजगारीको सुनिश्चितता राज्यले गर्न सके ती समुदायका आर्थिक रुपान्तरणमा राज्यको योगदान रहनेसमेत संकल्पपत्रमा उल्लेख गरिएको छ । स्थानीय सरकार र वित्तीय संस्थामार्फत संघीय सरकारको संयुक्त ग्यारेन्टीमा कर्जा सुविधा दिन पहल गर्ने कांग्रेसले जनाएको छ । ‘परिवर्तित जनसांख्यिक विश्व परिस्थितिलाई अवसरको रुपमा लिँदै ‘केयर इकनमी’को क्षेत्रमा पनि बृहत् लाभको रणनीति बनाउनेछ,’ संकल्पपत्रमा भनिएको छ, ‘ मध्यम तथा दीर्घकालमा भने श्रम निर्यातबाट व्यापारिक सेवा निर्यातकको रुपमा नेपाललाई रुपान्तरण गर्ने संकल्प गर्दछ ।’

## प्रतिपक्षलाई गाली महत्त्वाकांक्षी योजना

कांग्रेसको संकल्पपत्र

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्तारुढ नेपाली कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि विकास र समृद्धिको ‘ पाँच वर्षे रोडम्याप’सहितको संकल्पपत्र सार्वजनिक गरेको छ । प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवाले शनिबार सार्वजनिक गरेको ५२ पृष्ठ लामो संकल्पपत्रको सुरुमै नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारीको कडा आलोचना गरिएको छ ।



ओलीले ३ फागुन २०७४ मा प्रधानमन्त्री भएपछि नै नागरिक आन्दोलनलाई दमन गर्नेदेखि कम्युनिस्ट शासन भएको देशमा जस्तो सर्वसत्तावादी शासन स्थापित गर्ने प्रयास गरेको र दुई पटक संसद् विघटन गरेर संविधानलाई असफल बनाउन ओली उन्मुख हुँदा राष्ट्रपति भण्डारी संरक्षक र पालकको भूमिकाबाट च्युत हुँदै साथ दिएको आरोप कांग्रेसको छ । ओलीको ४१ महिने शासनकाल पूरापूर खेर गएको पनि कांग्रेसले ठहर गरेको छ । यसपटक कांग्रेसको घोषणापत्र पार्टी महामन्त्री विश्वप्रकाश शर्मा संयोजक रहेको समितिले तयार गरेको हो ।

यसअघि १३ कात्तिक २०७४ मा नेता महेश आचार्य नेतृत्वको समितिले तयार गरेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसम्बन्धी घोषणापत्रमा ओलीमात्र नभई नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (**बाँकी पृष्ठ २ मा**)




# उपत्यकामा पनि लोकप्रिय बन्दै छठ

■ अर्चना झा

**ललितपुर–** केही वर्षअघिसम्म तराई जिल्ला र भारतका केही क्षेत्रमा मात्र मनाउने गरिएको छठ पर्व अहिले काठमाडौं उपत्यकालगायत पहाडी जिल्लामासमेत माउन थालिएको छ । सूर्यको उपासना गरी मनाइने छठ अर्थात् छैठ, छठी, दिनकर दिनानाथ, छइठ आदि नामले चिनिने पर्व उपत्यकाको ललितपुर जिल्लामा यस वर्ष पनि हर्षोल्लासका साथ मनाउन लागिएको छ । काठमाडौंको रानीपोखरी, बागमती नदी, गोदावरी खोलालगायत विभिन्न स्थानमा भव्यताका साथ छठ पूजा गरिन्छ । सरकारले छठ पर्वका अवसरमा नेपालभर सार्वजनिक बिदा दिँदै आएको छ ।



दसैं र तिहारलगत्तै पर्ने यो पर्वमा कात्तिक शुक्ल पक्ष षष्ठीको छठी माईको पूजाअर्चना गरी पुत्र, पति र परिवारको सुख-शान्तिको कामना गर्ने गरिन्छ । पञ्चमी (खर्ना) देखि पूर्णिमासम्म चेलीबेटीले रातिमा सामाचकेवा लोकगीत गाएर र खेलेर यो पर्व सुरु गर्छन् ।

तर, अहिले सहरमा बस्नेलाई समय, ठाउँ र समाज नमिलेर खेल्न छोडेको जिल्ला ललितपुर इमाडोलमा बस्ने निभा कर्ण बताउँछिन् । उनी भन्छिन्, ‘पहिला छठको सामग्री सबै पाउन गाह्रो थियो । सामान नपाउँदा तराईको घर छठ मनाउन जान बाध्य हुनुपर्थ्यो । अहिले भव्यताको साथ यहीँ पोखरीमा साथीसँग मिलेर छठ मनाउने गर्छु ।’

यस छठ पर्वको अवसरमा पञ्चमी दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाई गहुँको सादा पुरी प्रसादका रूपमा आफू खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि खुवाउने चलन छ । परम्परानुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ्यदिएपछि रातभर नदी तथा तलाउ किनारमा महिला बसी छठको लोकगीत गाउने गरिन्छ ।

*कल जोडी छठी माईके कैलौं पुजनमा*
*छठी माई पुरैथिन सबके मनकामना*
*राम हमरा भेटथिन निक सजनिगे ।*

भोलिपल्ट सप्तमी (पारन)का दिन बिहान उदाउँदो सूर्यलाई पुनः अर्घ्य दिई पूजा बिसर्जन गरिन्छ । पवित्र मनले छठ पर्व मनाउँदा पारिवारिक कल्याण, सन्तान सुख तथा मनोकामना पूरा हुने विश्वास गरिन्छ ।

सनातन धर्म महासंघ नेपालका संस्थापक तथा अन्तर्राष्ट्रियका अध्यक्ष तथा जिल्ला ललितपुर हात्तीवन काठमाडौं युनिभर्सिटी अफ आर्टका प्राध्यापक डा. निर्मलमणि अधिकारीका अनुसार सृष्टिको सुरूआतदेखि नै सूर्यको उपासना गरिँदै आएको पाइन्छ । अग्नि पुराणमा पनि षष्ठी व्रतको प्रसंग उल्लेख छ । चौध वर्षको वनवास र एक वर्षको अज्ञातबास बसेको बेला कुन्ती, द्रौपदीसहित पाण्डवले यो व्रत गरेको वर्णन महाभारतमा पाइन्छ । त्रेता युगमा लंकाबाट श्री राम सीता माता फर्किंदा सीता माता गंगा नदीको किनारमा छठ व्रत गरेको बताइन्छ । कात्तिक महिनामा मनाइने छठलाई ठूलो छठ भनिन्छ । चैतको षष्ठी तिथिमा पनि केही ठाउँमा यो पर्व मनाइन्छ ।

सूर्य उपासनासँग सम्बन्धित छठ पर्व प्रत्येक वर्ष कात्तिक शुक्ल पञ्चमी र षष्ठीका दिन मनाइने गरिन्छ । व्रत बस्ने तथा स्नान गरेर उपवास बसी आत्मशुद्धि गर्छन्, जसलाई खर्ना भनिन्छ । षष्ठीका दिन नदी, नहर र पोखरीको घाटमा व्रतालुले स्नान गरी बेलुकाका समयमा जलाशयमा उभिएर सूर्यलाई फलफूल, ठेकुवा र कसार अर्घ्य दिन्छन् । व्रतालु भक्तजन राति धेरैजसो नदी किनारमा बास बस्छन् भने केही घर फर्किन्छन् । तर, शुद्धाशुद्धीको धेरै विचार गर्नुपर्ने भएकाले कहीँ कतै अशुद्ध नहोस् भन्नेमा उनीहरू सजग हुन्छन् । डा. अधिकारीले भने, ‘शुद्ध भावनाले यो व्रत गर्नाले तुरुन्त फल पनि पाइने धर्मावलम्बीको विश्वास छ । त्यसकारण मनले मात्र शुद्ध नभएर सबैथोक चोखो हुनुपर्ने हुनाले व्रतालुले मात्र नभई सम्पूर्ण परिवारले नै यसलाई कडाइका साथ पालना गर्छन् ।’

षष्ठीको भोलिपल्ट सप्तमी तिथिको ब्रह्म मुहूर्तमा मानिसहरू पूजा सामग्री लिएर नदी किनारमा गई स्नान गरी उदाउँदो सूर्यलाई फेरि अर्घ्य दिएपछि छठ पर्व सकिन्छ र प्रसाद बाँडिन्छ । छठको प्रसादमा उखु, केराउ, केरा, नरिवल, मिठाई, ठेकुवा, कसार, कागती र अदुवा राखिन्छ । विशेषगरी शुद्ध घिउमा गहुँको पिठोबाट निर्मित ठेकुवा र चामलबाट निर्मित कसारको विशेष प्रसाद बनाइन्छ ।

छठ माताको पूजाआजा गरेपछि भाकल गर्नेहरूको सबै मनोकामना पूरा हुने धार्मिक विश्वास छ । यो व्रत गर्नाले चर्मरोग छिटो निको हुने पनि विश्वास गरिन्छ । केही भक्तजनले भाकल गरेको हुन्छ, घरबाट साँझ र बिहान घर्सिंदै नदी वा पोखरीको किनारमा गई स्नान गरी व्रत पूरा गर्छन् । कतिले मनोकामना पूरा भएमा नाच नचाउने, सप्तमीको बिहान दन्तवन, दूध, फूल तथा दियो बाल्ने जस्ता कार्य पनि गर्छन् ।

सूर्यको प्रकाशमा भिटामिन डी प्राप्त हुने भएकाले मानव शरीर विज्ञानका अनुसार यो व्रतको महत्त्व आज पनि त्यत्तिकै छ । व्रत गर्दा स्वास्थ्य ध्यानमा राखी व्रत गर्नुपर्छ । शरीरमा पानीको मात्रा कम भएमा डिहाइड्रेसन हुन जान्छ ।

कात्तिक शुक्ल चतुदर्शीका दिनदेखि सुरु हुने छठ पर्व सूर्यको आराधना गरी उपत्यकाका विभिन्न क्षेत्रमा मनाइन्छ । अत्यन्तै श्रद्धा र निष्ठाका साथ व्रत बसी अस्ताउँदो सूर्य र उदाउँदो सूर्यलाई पूजा गरी यो पर्वलाई हर्षोल्लासका साथ मनाइने गरिन्छ । यो चाडमा डुब्न लागेको सूर्यको साथै उदाउँदो सूर्यको पनि आराधना गर्ने गरिन्छ । समाजमा उदाउँदो वा प्रतिष्ठित व्यक्तिलाई सबैले ढोग्छन्, सम्मान गर्छन् तर डुब्न लागेको घाम, गरिब तथा बेसहारालाई कसैले हेर्दैनन् । तर, यस पर्वले जुनसुकै अवस्थामा पनि सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने सन्देश पनि दिन्छ ।

त्यस्तै सूर्यले सबै प्राणीहरूलाई समानरूपमा प्रकाश दिने हुँदा सबैमाथि समान व्यवहार गर्नुपर्छ भन्ने सोच विकास गर्नका लागि सूर्यको पूजा गरिन्छ । वर्षको दुईपटक चैत र कात्तिक महिनामा धुमधामका साथ मनाइने यस पर्वमा चोखो र शुद्धाशुद्धीमा अत्यन्तै ध्यान दिइन्छ । विधि विधानअनुसार मनाएमा आफ्ना सम्पूर्ण कष्ट हटेर जाने जनविश्वास रहिआएको छ । छालासम्बन्धी रोग निदानका लागि, पुत्र प्राप्तिका लागि र भाकल पूरा गर्न मानिसहरू भक्तिमा लिप्त भएर नजिकैको पोखरी जलाशय कुण्डमा गई यस दिन छठ पूजा गर्दछन् ।

छैठको पूजा गर्दा उखु, केराको बोट, पाकेको केरा बेसार, अदुवा, नरिवल, केराउ, भुसुवा, ठेकुवा, फलफूल, मिठाईजस्ता सामग्रीको आवश्यकता पर्दछ । सम्पूर्ण प्राणीलाई विना कुनै भेदभाव समान शक्ति, ताप र किरण दिने समानताको प्रतीक सूर्यको यसै महिमालाई आत्मसात् गर्दै सूर्यको पूजा, प्रार्थना र आराधना तन, मन लगाएर चार दिनसम्म गरिन्छ ।

कात्तिक शुक्ल चर्तुदशीका दिनदेखि छठ आरम्भ हुन्छ । दसैं र तिहारलगत्तै सुरु हुने छठ नितान्त सूर्यको उपासना गरी मनाइन्छ । छठको सुरुआत मानिने यस दिनलाई व्रतालुहरू नहाए खाए भन्दछन् । बिहान सबेरै उठेर हात खुट्टाको नङ काट्छन् र चोखो पानीले नुहाइधुवाइ गरी सफा कपडा लगाएर पूजा गरी शुद्ध भोजन गर्दछन् । भनिन्छ, यस दिनमा व्रतालुले प्रण गर्दछन्, ‘म अब जथाभावी खाँदिन र तन मनले प्रभूको शरणमा बस्नेछु ।’

छठको दोस्रो दिन (कात्तिक शुक्ल पञ्चमी)मा विधिवत्‌रुपमा सुरु भएको छठको दोस्रो दिनलाई खर्ना भनिन्छ । यस दिनमा नुहाएर चोखो भई साँझपख व्रतालुले सख्खरको खीर लौकाको तरकारी जस्ता शुद्ध भोजन ग्रहण गर्दछन् । यस दिनमा एकछाक मात्र भोजन गर्नुका कारण भने छठको दिन अर्थात् अघिल्लो दिनमा दिनभरि पानीसमेत नपिइ निराहार व्रतको पूर्वाभ्यास हो ।

छठको तेस्रो दिन अर्थान् छठ पर्वका दिनमा व्रतालुहरू पानीसमेत नपिई निराहार बस्दछन् । साँझपख नजिकैको पोखरी, तलाउ, इनार, कुवाजस्ता जलाशयमा गई पानीमा डुबेर अस्ताउँदो सूर्यलाई पूजा गर्दछन् । छठको दिन सूर्यलाई चढाउनका लागि बनाइएका सामग्री घाटमा लगेर पालैपालो पानीमा डुबाई सूर्य देउतालाई चढाउँछन् । प्रातःकालीन अर्घ्यका लागि केही व्रतालु रातभर पानीमा बसेर सूर्य नउदाउञ्जेलसम्म पूजा गर्दछन् भने कोही प्रसाद चढाएर पानीबाट निस्कन्छन् । यस दिनमा रातभर लोकगीत, भजनकीर्तन र नाचगान गरिन्छ । घाटलाई बेहुलीझैं सिँगारिएको हुन्छ ।

छठको चौथो दिन कात्तिक शुक्ल सप्तमीका दिन रातभर सूर्यको आराधनामा मग्न भएका भक्तहरूले उदाउँदो सूर्यको पूजाआजा गर्दछन् । बिहानीमा सूर्यको न्यानो किरणसँगै व्रतालुले सबै प्रसादलाई अर्घ्य दिई अञ्जुलीमा पानी भरि जल चढाउँछन् र पालैपालो ठकुवा भुसुवा फलफूल र मिठाइजस्ता प्रसाद छठी मातालाई अर्पण गरी पूजा विसर्जन गर्दछन् । त्यसपछि घरमा गई सूर्यको प्रसाद ग्रहण गरी अरु खाने कुरा व्रतालुले खान्छन् र लोक छठ पर्व समाप्त हुन्छ । *रासस*

## प्रतिपक्षलाई...

पृष्ठ १ बाट जारी

र उनी नेतृत्वको दलको कांग्रेसले कडा आलोचना गरेको थियो । उक्त घोषणापत्रमा भनिएको थियो, ‘कम्युनिस्टहरू हत्यारा र राज्य आतंकका पक्षपाती हुन् ।’

त्यसबेला एमाले र माओवादी मिलेर वाम गठबन्धन बनेको थियो । घोषणापत्रमार्फत कांग्रेसले २०४८ सालपछि सर्वाधिक कडारूपमा कम्युनिस्ट पार्टीहरूको आलोचना गरेको चर्चा चलेको थियो । २०४८ सालमा कांग्रेसले ‘कम्युनिस्ट सरकार बने ६० वर्षभन्दा माथिका बूढाबूढीलाई मार्छन्’ भन्ने आरोप लगाएको थियो ।

यसपटक भने कांग्रेस घोषणापत्रमा मूलरूपमा ओली र राष्ट्रपति भण्डारी ‘टार्गेट’मा परे । ओली सरकारमा हुँदा सार्वजनिक सम्पत्तिमाथि लुटतन्त्रसँगै भ्रष्टाचार र कमिसनतन्त्र अत्यधिक मौलाएको कोभिड महामारीको बेला पुष्टि भएको कांग्रेसले जनाएको छ ।

तर, २९ असार २०७८ मा पाँचदलीय गठबन्धनको तर्फबाट सर्वोच्च अदालतले जारी गरेको परमादेशका कारण पार्टी सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि भने भ्रष्टाचार नियन्त्रण मात्र नभई ३० वटा कानुन निर्माण गरेर संविधान कार्यान्वयन सफलरूपमा भइरहेको दाबी गरिएको छ । संविधान र लोकतन्त्रको रक्षा गर्दै राजनीतिक स्थिरताका निम्ति गठबन्धन बनेको र चुनावपछि पनि गठबन्धनले निरन्तरता पाउने घोषणापत्रमा उल्लेख छ ।

### “कोखदेखि शोकसम्म” कार्यक्रम

कांग्रेसले लोकप्रिय हुने खालका कार्यक्रम ‘कोखदेखि शोकसम्म’ घोषणा गरेको छ । कार्यक्रममा शिशु पेटमा आएदेखि शिशु र आमाको स्वास्थ्य सेवासम्बन्धी विभिन्न सुविधाहरू उल्लेख छन् । त्यसअन्तर्गत तीन वर्षमुनिका बालबालिका र ७३ वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारको व्यवस्था गर्ने भनिएको छ ।

### संसद् विघटन नगर्ने प्रतिज्ञा

कांग्रेसले संसद् विघटन नगर्ने प्रतिज्ञा गरेको छ । प्रदेश र स्थानीय सरकारका अधिकारमा हस्तक्षेप नगर्ने पनि भनिएको छ । महिलामाथि हुने हिंसा, जातीय भेदभाव र छुवाछुत, लैंगिक विभेदसँगै सरकारी सम्पत्तिको दुरुपयोग तथा प्राकृतिक स्रोत साधनको दोहन नगर्ने पनि जनाएको छ ।

संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम छिटो सम्पन्न गर्ने, संघीय र प्रदेश संसद्ले बनाउन बाँकी कानुनहरू एक वर्षभित्र बनाउने र सार्वजनिक पदधारण गरेको व्यक्ति भ्रष्टाचार वा अनियमिततामा मुछिए तत्काल पदमुक्त गरी छानबिन गर्ने घोषणापत्रमा उल्लेख छ ।

### पाच वर्षअघिको एजेण्डामै थपघट

कांग्रेसले पाँच वर्षअघिको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सार्वजनिक गरेको घोषणापत्रमा उल्लिखित केही एजेण्डाहरूलाई नै थपघट गरेको पाइएको छ । केही एजेण्डा दोहोऱ्याएको छ । स्वास्थ्यअन्तर्गत यसअघि ‘प्रत्येक नेपालीको बिमा गरिएको हुनेछ’ भनिएकोमा यस वर्ष उही अर्थ लाग्नेगरी ‘स्वास्थ्य बीमित हुने संख्या १०० प्रतिशत पुऱ्याउने’ उल्लेख छ ।

विद्युत् ऊर्जा उत्पादनसम्बन्धी एजेण्डामा विवरण घटाइएको छ । अघिल्लोपटक कांग्रेसले घोषणापत्रमा १५ हजार मेगावाट विद्युत् पाँच वर्षमा उत्पादन गर्ने भनेकोमा यसपटक १० हजार मेगावाटमात्र विद्युत् उत्पादन गर्ने भनिएको छ । यसैगरी प्रत्येक वर्ष ३२ लाख विदेशी पर्यटक भित्रचाउने भनी पाँच वर्षअघिको घोषणापत्रमा उल्लेख गरिएको विषयलाई यसपटक २० लाखको लक्ष्य तय गरिएको छ ।

तरकारीमा देशलाई आत्मनिर्भर बनाउने, खाद्यन्न उत्पादन दोब्बर बनाउने, सुरक्षित आवासमा बस्ने घरपरिवारको हिस्सा तीन गुणाले वृद्धि गर्नेदेखि देशलाई भ्रष्टाचारमुक्त बनाउनेसम्मको एजेण्डा कांग्रेसले यसपटक पनि दोहोऱ्याएको छ ।

**कांग्रेसको संकल्प**

- सुत्केरीभत्ता ५ हजार रुपैयाँ पुऱ्याइने
- ३ वर्षमुनिका बालबालिका र ७३ वर्षमाथिका ज्येष्ठ नागरिकको निःशुल्क उपचार
- शैक्षिक संस्थामा आवासका अतिरिक्त साइकल र ल्यापटप
- सबै नागरिकलाई स्वास्थ्य बिमा
- ६५ वर्षमाथिका ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र विपन्नलाई निःशुल्क स्वास्थ्य बिमा
- सबै युवायुवतीलाई सम्मानित रोजगार
- स्वरोजगार सहुलियत कार्यक्रम
- विपन्नलाई १०० दिनको न्यूनतम रोजगारी
- सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमार्फत् निवृत्तिभरण
- ६८ वर्षमाथिकालाई ज्येष्ठ नागरिक भत्ता
- ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा
- विपन्न नागरिकको मृत्यु संस्कार खर्च १० हजार

**विकास र समृद्धिको “पाँच वर्षे रोडम्याप”**

- पाँच वर्षमा १२ लाख ५० हजार नयाँ रोजगारी सिर्जना
- न्यूनतम ७ प्रतिशत आर्थिक वृद्धि
- विद्युतीय ऊर्जा उत्पादन १० हजार मेगावाट
- ४०० केभिएको पूर्व-पश्चिम प्रसारणलाइन सम्पन्न
- पाँच वर्षमा वार्षिक २० लाख पर्यटक भित्रचाइने
- सुरक्षित आवासमा बसोबास गर्ने परिवारको संख्या ५५ प्रतिशत
- राष्ट्रिय गौरवका सबै निर्माणाधीन आयोजनाहरू सम्पन्न
- आधा घण्टाभित्र पक्की सडक पुग्ने जनसंख्या ७५ प्रतिशत
- तरकारी, फलफूल, माछा, मासु, दूध, मसला र औधोगिक बालीमा आत्मनिर्भर
- खाद्यन्न र नगदेबालीको उत्पादन दोब्बर
- कृषि मल कारखाना स्थापना
- भूउपयोग नीतिअनुसारको भूमिको वर्गीकरण
- जलवायु परिवर्तन अनुसन्धान केन्द्र स्थापना
- विद्युतीय सवारीसाधन र चुल्होको प्रयोग ५० प्रतिशत
- वनले ढाकेको क्षेत्रफल ४७ प्रतिशत
- सबै स्थानीय तहमा उच्च गतिको इन्टरनेट सुविधा
- निर्यातमुखी डिजिटलाइसेजन र सूचना सञ्चार क्षेत्रमा २ लाख युवा संलग्न
- टेलिमेडिसिन केन्द्रको स्थापना
- सातै प्रदेशमा सूचना ज्ञान पार्क स्थापना
- बाल कुपोषण (पुड्कोपन) २० प्रतिशत
- औसत आयु ७३ वर्ष
- महिला साक्षरता दर ९५ प्रतिशत
- ८० प्रतिशत शैक्षिक संस्थामा इन्टरनेटको पहुँच
- प्रदेशस्तरीय साँस्कृतिक संग्रहालय एवं आदिवासी जनजातिहरूको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन
- उदीयमान तथा व्यावसायिक खेलाडीहरूमा व्यापक लगानी
- स्रस्टा-सर्जकहरूको वृत्ति विकास
- विश्व प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने
- राष्ट्रिय सहुलियतपूर्ण शैक्षिक ऋण कार्यक्रम कार्यान्वयन
- विश्वविद्यालयहरूलाई अन्तर्राष्ट्रिय सञ्जालमा जोड्ने
- संघीय शिक्षा ऐन १ वर्षभित्र ल्याउने
- बिमाको दायरा १० लाख पुऱ्याउने
- सबै महिलालाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्था
- तरुण सीपवृत्ति कार्यक्रम
- डिजिटल नेपाल स्थापना
- मेची-काली रेलमार्गको निर्माण कार्यलाई तीव्रता
- विराटनगर र नेपालगञ्ज विमानस्थललाई क्षेत्रीय विमास्थलका रुपमा विस्तार गरिने
- पूर्व-पश्चिम राजमार्गको सहरी क्षेत्रमा ६ लेनको सडक
- ग्रीन हाइड्रोजन र अमोनियाको उत्पादन
- ५० प्रतिशत खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

कात्तिक १३ गते आइतबार

| | |
|---|---|
| **मेष** | आमाबुवालाई लाभको योग छ । |
| **वृष** | धनलाभ हुनेछ । |
| **मिथुन** | सबै काममा सावधानी आवश्यक छ । |
| **कर्कट** | काममा बाधा आउनेछ । |
| **सिंह** | कामको अवसर बढ्नेछ । |
| **कन्या** | अनावश्यक काम नगर्नुहोला । |
| **तुला** | स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेछ । |
| **वृश्चिक** | जनसम्पर्क बढ्नेछ । |
| **धनु** | सबै कार्यमा धैर्य राख्नुहोला । |
| **मकर** | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । |
| **कुम्भ** | अनावश्यक कार्यमा समय खर्च नगर्नुहोला । |
| **मीन** | जग्गासम्बन्धी कार्यमा सफलता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक १३ गते, २०७९, ३० अक्टोबर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव तथा चिनियाँ राष्ट्रपति सी चिनफिङ उत्तरपश्चिम चीनको शान्सी प्रान्तको यान हानको नांगाउ गाउँको बगैंचा अवलोकनका क्रममा स्थानीय गाउँलेहरूसँग कुराकानी गर्दै । *तस्बिरः सिन्हवा*

# नयाँ सरकार गठनको स्वागत

**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले इराकमा नयाँ सरकार गठन भएकामा त्यसको स्वागत गरेका छन् । एक्काइस सदस्यीय मन्त्रिपरिषद्मा तीन जना महिला नियुक्त भएकामा त्यसको पनि उनले स्वागत गरेको महासचिवका प्रवक्ताले बताएका छन् ।

महासचिव गुटेर्रेसले नयाँ सरकारलाई सुधार, जवाफदेही र समुज्ज्वल भविष्यका लामो समयदेखि इराकी जनताले गरेका अपेक्षा पूरा गर्न आग्रह गरेका बताउँदै प्रवक्ता स्टेफेन डुजारिकले नववठित सरकार र इराकी जनतालाई सहयोग गर्न राष्ट्रसंघ पूर्ण प्रतिबद्ध रहेको महासचिवले बताएको जनाएका छन् ।

*रासस/सिन्हवा*

## केनल केमिकल प्रा.ली.को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मितिः २०७९/७/१३)**

बागमती प्रदेश, चितवन जिल्ला, खैरहनी नगरपालिका केनल केमिकल प्रा.ली.द्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | केनल केमिकल प्रा.ली. |
| प्रस्तावको व्यहोरा | प्लास्टिसाईजरको उत्पादन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/नपा | चितवन जिल्ला, खैरहनी नगरपालिका वडा नं ४ |

केनल केमिकल प्रा.ली.को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न खैरहनी नगरपालिका तथा त्यस क्षेत्रका विधालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना**

| | |
|---|---|
| स्थानीय तह र सम्बिधत कार्यालयको नाम र ठेगाना | खैरहनी नगरपालिका, चितवन<br>घरेलु तथा साना उधोग कार्यालय, चितवन |
| प्रस्तावकको नाम र ठेगाना | नामः केनल केमिकल प्रा.ली.<br>ठेगानाः खैरहनी नपा-४, चितवन<br>फोन नः ९८५१०८२५४०<br>ईमेलः **chemicalkenal@gmail.com** |
| परामर्शदाताको नाम र ठेगाना | नामः जुरासिक कन्सल्टेन्ट प्रा.ली.<br>ठेगानाः काठमाडौं, नेपाल<br>ईमेलः **consultantjurassic@gmail.com**<br>फोन नः ९८५१२१८८५६ |

# अमेरिकी सभामुखका श्रीमान्माथि हिंस्रक आक्रमण




**वासिङ्टन-** अमेरिकी तल्लो सदनका सभामुख न्यान्सी पेलोसीका ८२ वर्षीय श्रीमान्माथि हिंस्रक आक्रमण भएको छ । क्यालिफोर्नियाको सान फ्रान्सिस्कोस्थित पेलेसी निवासमा शुक्रबार बिहानै पसेको आक्रमणकारीले पल पेलोसीलाई आक्रमण गरेर घाइते बनाएको सभामुखका सहयोगी ड्रु ह्यामिलले एक विज्ञप्ति निकालेर जनाएका छन् ।

आक्रमणकारीलाई हिरासतमा लिइएको तथा आक्रमणको अनुसन्धान भइरहेको छ । अस्पताल भर्ना भएका पललाई शीघ्र स्वास्थ्यलाभ हुने अपेक्षा गरिएको ह्यामिलले बताएका छन् । घटना हुँदा सभामुख पेलोसी सान फ्रान्सिस्कोमा थिइनन् । *रासस/सिन्हवा*

फिलिपिन्स आँधी

# ४७ जनाको मृत्यु, ६० बेपत्ता

**मनिला-** भीषण वर्षापछिको बाढीपहिरोमा परी फिलिपिन्समा ४७ जनाको मृत्यु भएको छ भने ६० जनाभन्दा बढी बेपत्ता भएका छन् । बिहीबार रातिदेखि शुक्रबार बिहानसम्म परेको आँधीहुरीसहितको मुसलधारे वर्षाले दक्षिणी फिलिपिन्सका तीनवटा सहर बढी प्रभावित भएका छन् ।

मुस्लिम मिन्डानाओ (बिएआरएमएम)को बाङ्सामोरो स्वायत्त क्षेत्रका आन्तरिक एवं स्थानीय सरकार मन्त्री नागुइब सिनारिम्बोका अनुसार दातु ओडिन सिनसुआतमा ४२ जनाको मृत्यु भएको छ । पूर्वी प्रान्त क्यामेरिन्स सुरमा शनिबार बिहान आएको आँधी नाल्गामा परेर पाँच जनाले ज्यान गुमाएका छन् ।

बाढी प्रभावित क्षेत्रमा उद्धारका काम जारी रहेकाले मृत्यु हुनेको संख्या अझै बढ्न नसक्ने जानकारी उनले दिएका छन् । कुसियोङमा ११ जना बालबालिकाको शव उद्धारकर्मीले माटोको ढिस्कोबाट निकालेका उनले बताए । कुसियोङका ६० जना हराइरहेका छन् ।

मागुइन्डानाओ प्रान्तीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यालयका प्रमुख नसरुल्लाह इमामले स्थानीय बासिन्दाको उद्धारका निम्ति सेना र प्रहरी तैनाथ गरिएको बताएका छन् । हालसम्म सात हजारभन्दा बढी बाढीपीडितलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । फिलिपिन्समा यो वर्षको बाढीपहिरोमा परी २४० जनाभन्दा बढीको मृत्यु भइसकेको छ । *रासस/एपी*

# चिनियाँ राष्ट्रपतिले साउदी अरबको भ्रमण गर्ने अपेक्षा



**रियाद-** चिनियाँ राष्ट्रपति सी चिनफिङले साउदी अरबको भ्रमण गर्ने अपेक्षा गरिएको विदेशमन्त्री राजकुमार फैसल बिन फरहानले बताएका छन् ।

विश्वको सबैभन्दा धेरै जनसंख्या भएको राष्ट्रको नेताले तेस्रो कार्यकाल सुरु भएको केही दिनपछि साउदी अरबको भ्रमण गर्ने अपेक्षा गरिएको हो । विदेशमन्त्री राजकुमार फैसल बिन फरहानले आफ्ना चिनियाँ समकक्षी वाङ यीसँगको वार्तापछि प्रमुख तेल निर्यातक र बेइजिङबीचको 'ऐतिहासिक र ठोस सम्बन्ध' को प्रशंसा गरेका छन् ।

'हाम्रो आजको बैठक महत्त्वपूर्ण समयमा भएको छ, किनकि यो चिनियाँ राष्ट्रपतिको अपेक्षित भ्रमणअघि भएको छ,' राजकुमार फैसलले अल अरब टिभी च्यानललाई भनेका छन् । साउदी अरबले चीन र अरब देशहरू बीचको शिखर वार्ताका लागि पनि 'अन्तिम प्रबन्ध' गरिरहेको उनले जानकारी दिएका छन् ।

राष्ट्रपति सीले गत सेप्टेम्बरमा कजाकिस्तान र उजबेकिस्तानको भ्रमण गरेका थिए । उनको त्यो भ्रमण कोरोना भाइरस महामारी सुरू भएपछिको पहिलो विदेश भ्रमण थियो । रियादस्थित चिनियाँ दूतावासले राष्ट्रपति भ्रमण बारेमा कुनै जानकारी दिएको.छैन भने चिनियाँ विदेश मन्त्रालयले पनि त्यसबारेमा जानकारी नभएको जनाएको छ । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED AHMED AIDA AL ZAHRANI CEMENT FACTORY

पूर्व स्वीकृति मितिः२०७९/०७/०७ | LT. No. 274366 | चलानी नं. ६०१९००१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload & Unload Operator | 2 | 0 | 2000 | ६९,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २० गते (6th Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1218/074/075

**Mansur Manpower Pvt.Ltd.**

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101714, 9801101713, 9801101710, 9801101712, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GURU GRACE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/०८ | LT. No.274197 | चलानी नं. ६०१८९९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 50 | 0 | 1500 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TELAGA NUSANTARA SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/०८ | LT. No.274269 | चलानी नं. ६०१८९९९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Workers | 11 | 0 | 1500 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २० गते (6th Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFEER AL NIDA GEN. TRADE CO.

पूर्व स्वीकृति मिति २०७९/०७/०६ | LT. No. 274341 | चलानी नं. ६०१७९९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helpers/ Light Labours | 50 | 0 | 90 | ३८,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २० गते (6th Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**

श्रम ईजाजत नं. १५२४/०७४/७५

Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DURA CAFE TO SERVE DRINK

पूर्व स्वीकृति मिति २०७९/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/११ | LT. No. 274093 | चलानी नं. ६०१७९९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1500 | ५२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक १८ गते (4th Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 274093 मितिः २०७९/०७/१२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**

Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LE BOURNE SDN BHD

पूर्व स्वीकृति मितिः२०७९/०७/०८ | LT. No. 274321 | चलानी नं. ६०१९००१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४१,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २० गते (6th Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९

**Nepal Recruitment Consultancy Pvt. Ltd.**

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । धुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ९४,००० | प्रति तोला – ९३,५०० | प्रति तोला – १२७० |



**कुनियाको व्यापार** | सुनसरीको विराटनगर-७ स्थित गुद्री बजारमा छठ पूजाको सामग्री राख्न आवश्यक पर्ने बाँसको चोयाबाट निर्मित कुनिया खरिद गर्दै महिला ग्राहक । *तस्बिर: मनोज दाहाल/रासस*

## बन्दीपुरमा पर्यटकको चाप

**दमौली–** कोभिड-१९ को संक्रमणले देशकै अवस्था प्रभावित हुँदा तनहुँको पर्यटकीय नगरी बन्दीपुरको पर्यटनमा असर नपुग्ने कुरै भएन । कोभिड-१९ को संक्रमणका कारण बन्दीपुरको पर्यटन व्यवसाय नराम्ररी प्रभावित बन्यो ।

विदेशी त परको कुरा, स्वदेशी पर्यटक पनि बन्दीपुरमा देखिन मुस्किल परे । कोभिड-१९ को संक्रमण घट्दै गएपछि स्वदेशी पर्यटक फाट्टफुट्ट बन्दीपुरमा देखिन थाले । पर्यटन व्यवसायबाटै गुजारा चलाउँदै आएका यहाँका व्यवसायीमा केही राहतको महसुस हुन थाल्यो ।

बन्दीपुरको पर्यटन व्यवसाय पुनः पुरानै अवस्थामा फर्किने प्रयासमा छ । कोभिड-१९ पछि पहिलोपटक बन्दीपुरमा विदेशी तथा स्वदेशी पर्यटकको चाप बढेको छ । तिहारको लामो बिदाका कारण बन्दीपुरमा कोभिडपछि पहिलोपटक पर्यटकको चाप बढेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसन प्रधान बताउँछन् ।

'बन्दीपुरमा विदेशी पर्यटक देख्न मुस्किल भइसकेको थियो, शुक्रबार मात्रै १०० विदेशी पर्यटक बन्दीपुर आइपुगेका छन,' प्रधानले भने, 'स्वदेशी पर्यटकको आगमन पनि उल्लेख्य छ ।' विदेशी पर्यटकको सहभागितामा शनिबार बन्दीपुरमा दौड प्रतियोगिता आयोजना गरिएको छ ।

प्रधानका अनुसार शुक्रबार र शनिबार गरी बन्दीपुरमा पाँच हजारभन्दा बढी स्वदेशी पर्यटक आएका छन् । 'तिहार र छठका कारण लामो बिदा परेकाले स्वदेशी पर्यटकमा घुम्ने संस्कृतिको विकास भएको छ,' उनले भने, 'दसैं बिदामा पनि स्वदेशी पर्यटकको बन्दीपुरमा आगमन भएको थियो ।'

जाडो मौसम सुरु भएसँगै बन्दीपुरमा पर्यटकको चहलपहल बढ्नेमा व्यवसायी आशावादी छन् । होटल व्यवसायी वसन्त पौडेलले अब बन्दीपुरमा पर्यटकको आगमन बढ्ने बताए । यो मौसम विदेशीको घुम्ने समय भएकाले बन्दीपुर आउनेक्रम बढ्नेमा विश्वस्त रहेको उनले बताए ।

बन्दीपुर आउने विदेशी पर्यटकमध्ये फ्रान्स, बेलायतका बढी छन् । चिनियाँ पर्यटक भने बन्दीपुरमा ठप्प छ । 'पहिलापहिला बन्दीपुरमा सबैभन्दा बढी पर्यटक चिनियाँ हुन्थे, तर अहिले चिनियाँ पर्यटक ठप्प छन्, युरोपेली मुलुकका पर्यटक आउँछन्,' पौडेलले भने । *रासस*

### कांग्रेसको संकल्पपत्रमा भौतिक पूर्वाधार

# सहर र गाउँबीचको असमान विकास कम गर्ने




■ **रमेश लम्साल**

**काठमाडौं–** आगामी पाँच वर्षभित्र निर्माणमा रहेका राष्ट्रिय गौरवका परियोजना सम्पन्न गरी आर्थिक तथा सामाजिक विकासको गतिलाई थप तीव्र पार्ने लक्ष्यका साथ सत्तारुढ नेपाली कांग्रेसले शनिबार आफ्नो संकल्पपत्र सार्वजनिक गरेको छ । पूर्वाधार क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्डको रूपमा अघि बढाउने, भौतिक पूर्वाधार सबै नेपालीलाई एकापसमा जोड्ने तथा उपलब्ध सेवामा सहज पहुँच बढाउन, सहर र गाउँबीचको असमान विकास कम गर्न त्यसलाई उच्च प्राथमिकतामा राखिएको कांग्रेसले स्पष्ट पारेको छ ।

नेपालमा दिगो, दरिलो र गुणस्तरीय पूर्वाधार विकास गरी स्वदेशी उत्पादन र सेवाको लागत घटाउन सकिने दृढ विश्वासका साथ कांग्रेसले बजारमा पहुँच पुऱ्याइ स्वदेशी उत्पादन प्रतिस्पर्धी बनाउने संकल्प राखेको छ । सरकारी तथा निजी क्षेत्रको आवश्यक लगानी परिचालित हुन नसकेको अवस्थामा सार्वजनिक-निजी साझेदारीमा पूर्वाधार क्षेत्रमा लगानी बढाउन सबै तहका सरकारलाई वर्तमान नीति तथा कानुनमा आवश्यक सुधार गर्ने लक्ष्य संकल्पपत्रमा उल्लेख छ ।

'दरिलो र गुणस्तरीय पूर्वाधार : सबल र समावेशी अर्थतन्त्रको आधार' भन्ने नाराका साथ कांग्रेसले बनाउने राष्ट्रिय पूर्वाधार रणनीतिमा आयोजनाको पहिचान, प्राथमिकीकरण, पाइपलाइन, लगानीका वित्तीय उपकरणको यथोचित प्रयोग, संस्थागत संरचना, निगरानी तथा मूल्यांकनजस्ता विषयलाई समेट्दै पूर्वाधार विकास बैंकलाई पूर्वाधार आयोजनाको वित्तीय व्यवस्थापनका लागि नोडल एजेन्सीको रुपमा विकास गर्ने योजना अगाडि सारेको छ ।

लगानी जुटाउनका लागि पूर्वाधार बण्डमार्फत सडक, ऊर्जा र विमानस्थलजस्ता परियोजनाका लागि पुँजी जुटाउने, आमनेपाली, गैरआवासीय नेपाली, संस्थागत लगानीकर्ता तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई प्रोत्साहन र सहुलियत दिने कांग्रेसले संकल्पपत्रमा उल्लेख गरेको छ । सञ्चालन तथा व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी अवधारणा कार्यान्वयनमा ल्याई 'भायविलिटी ग्याप' पूर्ति गर्न ठोस नीतिगत व्यवस्था गर्ने, आधा घण्टाभित्र पक्की सडकमा पहुँच भएको जनसंख्यालाई ७५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ ।

कांग्रेसले २४ घण्टालाई तीन चरण (आठ-आठ-आठ) मा विभाजन गरी निर्माण परियोजनालाई समयमै सम्पन्न गर्ने नीति अनुशरण गर्ने भएको छ । गतिशील घनाबस्तीलाई आधुनिक सेवा सुविधा सम्पन्न भूकम्पप्रतिरोधी बस्तीको रुपमा विकास गरी विपद्बाट सुरक्षित घरमा बसोबास गर्ने परिवारको संख्या ५५ प्रतिशत पुऱ्याइने उल्लेख गरेको छ । यस्तै, निर्माणाधीन मेची-काली रेलमार्ग निर्माण कार्यलाई उच्च प्राथमिकता दिँदै आवश्यक जग्गा अधिग्रहण गर्ने तथा अधिग्रहण गरेको जग्गाको समयमै उचित मुआब्जा दिएर निर्माण कार्यलाई तीव्रता दिने जनाएको छ । काठमाडौं जोड्ने अन्तरदेशीय रेलमार्गको निर्माणका सम्बन्धमा विस्तृत अध्ययनपश्चात् आर्थिक, पर्यावरणीय र प्राविधिक सम्भाव्यताको आधारमा अगाडि बढाइने उल्लेख छ ।

त्यस्तै, विराटनगर र नेपालगञ्ज विमानस्थललाई क्षेत्रीय विमानस्थलका रुपमा विस्तारित गर्ने, हुलाकी, मध्य पहाडी र उत्तर-दक्षिण करिडोर (विराटनगर-किमाथांका, त्रिवेणी-कोरोला र नेपालगञ्ज-हिल्सालगायत) सम्पन्न गर्दै पूर्व-पश्चिम राजमार्गलाई जोड्ने मुख्य सहरी क्षेत्रमा छ लेनमा स्तरोन्नति गर्ने योजना अगाडि सारेको छ । पूर्व-पश्चिम राजमार्गको कोसी, नारायणी, तिनाउ-कर्णालीलगायत ठूला राजमार्गका नदीमा थप पुल निर्माण गर्ने, नदी किनाराका तटबन्धलाई सम्भव भएका ठाउँमा वैकल्पिक सडकको रुपमा विकास गरिने उल्लेख छ । सडक पूर्वाधारलाई अझ बढी प्रभावकारी बनाउन सुरुङमार्ग र नदी तथा गहिरा खोचमा बढी लम्बाइ भएका विशिष्ट प्रकारका पुल निर्माण गर्ने योजना कांग्रेसले अगाडि सारेको छ ।

यस्तै पूर्व-पश्चिम लोकमार्ग, मुग्लिनदेखि पोखरासम्मको पृथ्वी लोकमार्ग चार लेनको बनाउने र पाँच वर्षभित्र निजगढ-काठमाडौं द्रुतमार्ग सञ्चालनमा आइसक्ने विश्वास कांग्रेसले व्यक्त गरिएको छ । त्यस्तै, हुलाकी सडक, मध्यपहाडी लोकमार्ग, मदन भण्डारी लोकमार्ग हुने र मनाङदेखि मुस्ताङ हुँदै जुम्ला जोड्ने सडकको अधिकांश भाग सम्पन्न गर्ने कांग्रेसको संकल्पपत्रमा उल्लेख छ ।

उत्तर-दक्षिण करिडोर, बिपी लोकमार्ग, अत्तरिया तिंकर जोड्ने खोड्पेदेखि बझाङ जोड्ने मार्ग स्तरोन्नति गर्ने र काठमाडौं चक्रपथ विस्तार सम्पन्न भइसक्ने कांग्रेसले संकल्पपत्रमा उल्लेख गरेको छ । यस्तै, रेलमार्ग सञ्चालन तथा सुरुङमार्ग निर्माणलाई तीव्रता दिने विषयलाई महत्त्वका साथ समावेश गरिएको छ । सम्भाव्यता र उपादेयता भएका ठाउँमा यातायात र पर्यटनका लागि केबलकार निर्माण गर्न प्रोत्साहित गर्ने, सहरी क्षेत्रमा ठूला-ठूला सार्वजनिक यातायातका साधन तथा प्रविधि (मास ट्रान्जिट) प्रवर्द्धन गर्ने कांग्रेसको योजना छ । उपत्यकाको सार्वजनिक यातायातलाई संघीय सरकार र सबै महा/उप/नगरपालिकाको एक संयुक्त संयन्त्रमा स्थापना गरी उपत्यका यातायात प्राधिकरणमार्फत सुलभ र सुरक्षित यातायातको सुविधा उपलब्ध गराउने, 'प्रत्येक घरमा बिजुली, प्रत्येक घरमा पक्की छाना' भन्ने नाराका साथ गरिब तथा विपन्न वर्गका परिवारका लागि सुरक्षित आवासको व्यवस्था गर्ने लक्ष्य राखिएको छ ।

मध्य पहाडी लोकमार्ग र हुलाकी राजमार्गका नयाँ सहरलाई आधुनिक सेवा सुविधा सम्पन्न बनाइने, पुराना र सरकारी तथा निजी भवनलाई प्रबलीकरण गरी भूकम्पप्रतिरोधी बनाइने, सरकारी र निजी आवास निर्माण गर्दा पनि भूकम्पप्रतिरोधी मापदण्ड पूर्णरुपमा लागू गरिने संकल्पपत्रमा उल्लेख छ । तराई-मधेस समृद्धि कार्यक्रमअन्तर्गत डुबानमा पर्ने दलित तथा पिछडिएको समुदायलाई सुरक्षित आवासको कार्यक्रम सञ्चालन गर्ने, सडक दुर्घटना न्यूनीकरण गर्न सबै सडकमा योजना, डिजाइन र निर्माण गर्दा नै पैदलयात्री मैत्रीमार्ग, आकाशे पुल, अपांगतामैत्री बस बिसौनीजस्ता पूर्वाधारको निर्माण तथा सम्वर्द्धन गर्ने परिपाटीलाई व्यापक सुधार गर्ने योजना अगाडि सारिएको छ । *रासस*

## २० लाख पर्यटक भित्र्याउने संकल्प

**काठमाडौं (प्रस)-** नेपाली कांग्रेसले आगामी पाँच वर्षभित्र वार्षिक २० लाख विदेशी पर्यटक भित्र्याउने महत्त्वकांक्षी लक्ष्यसहित पार्टीको चुनावी संकल्पपत्र सार्वजनिक गरेको छ । दिगो र समावेशी विकासका लागि पर्यटन भन्ने सोचसहित कांग्रेसले पाँच वर्षमा वार्षिक विदेशी पर्यटक आगमन संख्या १२ लाखबाट २० लाख पुऱ्याउने लक्ष्य लिएको हो ।

नेपालमा सन् २०१८ र २०१९ मा १२ लाख हाराहारी विदेशी पर्यटक नेपाल भित्रिएको सरकारी तथ्यांक छ । कोभिड-१९ महामारीका कारण विदेशी पर्यटक आगमनदर खुम्चियो । महामारीले सबैभन्दा बढी प्रभावित बनाएको यस क्षेत्रलाई पुरानै लयमा फर्काउने लक्ष्यसहित कांग्रेसले संकल्पपत्र ल्याएको छ । नेपाल पर्यटन बोर्डको पछिल्लो विवरणमा आठ महिनामा हवाईमार्ग भएर कूल तीन लाख २६ हजार ६७ विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

कांग्रेसले महामारीका कारण मुलुकको पर्यटन क्षेत्रको खस्किएको मनोबल उकास्न पाँच वर्षे रणनीति बनाइने रणनीति अघि सारेको छ । कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान पाँच प्रतिशत पुऱ्याउने भनिएको छ । मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थानका लागि सरकारले सन् २०२३ देखि २०३२ सम्मको अवधिलाई नेपाल भ्रमण दशकको रुपमा मनाउने घोषणा गरिसकेको छ ।

नेपालमा हाल पर्यटकको औसत बसाइँ १३ दिन छ । पर्यटकको बसाइँ लम्ब्याएर खर्च बढाउने कांग्रेसले नीति लिएको छ । पर्यटकको बसाइँ अवधि १५ दिन पुऱ्याउने र प्रतिपर्यटक खर्च दैनिक ४८ डलरबाट १०० डलर पुऱ्याउने लक्ष्य लिइएको छ ।

कांग्रेसले प्राकृतिक विशिष्टता, सांस्कृतिक वैभवता, रुपान्तरणयोग्य आध्यात्मिकता, भू-वनोटीय सुन्दरता र रणनीतिक भौगोलिक अवस्थितिले गर्दा पर्यटनमा प्रचुर सम्भावना रहेकाले यसलाई दिगो आर्थिक विकासको एउटा आधार भएको उल्लेख गरेको छ । नेपाललाई प्रकृतिमा आधारित पर्यटन र साहसिक पर्यटनको लागि अन्तर्राष्ट्रिय गन्तव्य बनाउन आवश्यक कार्य गरिनुका साथै निजी क्षेत्रसँगको सहकार्यमा होटल पूर्वाधार र जनशक्तिको विकास एवं गन्तव्यको प्रवर्द्धन गरिने संकल्पपत्रमा भनिएको छ ।

## तराईका बजारमा छठले बढायो चहलपहल

**पोखरिया (प्रस)-** छठ पर्व सुरु भएसँगै तराईका बजारमा पूजा सामग्री खरिदबिक्रीका लागि हुने चहलपहल बढेको छ । कात्तिक शुक्ल पक्षको चौथी तिथिबाट छठ पर्व विधिवत्रुपमा सुरु भएसँगै चहलपहल पनि बढेको हो ।

छठ पूजाका लागि आवश्यक पूजन सामग्री, हरियो तरकारी, फलफूल किन्ने ग्राहकहरुको भीड देखिन्छ । खासगरी छठ पूजामा छठी मातालाई अर्पण गरिने प्रसादमा स्याउ, केरा, सुन्तला, पानीसहितको नरिवल, उखु, हरियो बोडी, पानी सिङगडा, गागल, मूला, अदुवाको बोटलगायतका फलफूल, हरियो तरकारी, माटो तथा बाँसका सामग्री खरिद गर्नेको भीड बजारमा देख्न सकिन्छ ।

छठ पूजामा आकर्षक सजावटका लागि नेपालमै सबैभन्दा बढी चर्चामा रहँदै आएको वीरगञ्जको घडीअर्वा पोखरी छठघाटको व्यवस्थापन र सजावटको काम तीव्र गतिमा भइरहेको छ । साथै, व्रतालुहरु छठका लागि बाँसको नाङलो, ढाकी, कोनिया, डगरी, माटोको हात्ती, दियो, ढकना, कोशिया, कुरवार, केरालगायत फलफूल, उखु, भोगटे, कागती, सखरलगायतका पूजा सामग्री खरिदमा व्यस्त देखिएका छन् ।

मध्यतराईका जिल्लामा रहेका छठी घाटहरूमा लाखौं रकम खर्चेर सरसफाइ, सजावट र व्यवस्थापनका लागि कामहरू पनि भएका छन् । स्थानीय एफएम रेडियोहरुसमेत छठका गीतले गुञ्जायमान छन् भने बजारलाई छठका सामग्रीहरुले भरिभराउ छ ।

छठ पर्वलाई निकै कठिन पर्वका रुपमा लिइन्छ । सूर्य र जलको शक्ति र महत्त्व झल्काउने यस पर्वमा शुद्ध खाने कुरा खानुपर्ने र यस पर्वमा अन्नपानी नखाई तीन दिन भोकै बसी व्रत गर्ने चलन रहेको वीरगञ्जकी सञ्जु देवीले बताइन् । छठको व्रत महिला वा पुरुष जोसुकैले पनि लिने र पूजा गर्ने गरेको संस्कृविविद् उमाशंकर द्विवेदीले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ